Regd. No. 981/066-67 Ktm.
NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL
(NCE-Nepal)
Babarmahal, Kathmandu
Phone : 6203009

Ref. No.

## उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र संघिय शिक्षा ऐन सन्दर्भमा
## प्रेस विज्ञप्ती

बदलिएको परिस्थिति अनुरुप मुलुकको शिक्षा नीति तय गर्न नेपाल सरकारद्वारा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले नेपाल सरकारलाई प्रतिवेदन हस्तान्तरण गरेको छ । उक्त प्रतिवेदनले नेपालको शिक्षा क्षेत्रको बर्तमान अवस्थाको विश्लेषण गरि शिक्षाको विकासको निमित्त अवलम्वन गर्नुपर्ने उपायको सम्वन्धमा सरकारलाई सुझाव दिएको छ । यस आयोगका सुझावले नेपालको समग्र शिक्षा क्षेत्रको सुधार गरि सार्वजानिक शिक्षामा सबैको पहुँच पुऱ्याउन मद्धत पुग्ने छ भन्ने ३३९ भन्दा बढी संघ संस्थाहरुको राष्ट्रिय संजाल यस शिक्षाका लागि राष्ट्रिय अभियान नेपालको ठहर रहेको छ । स्मरणीय छ, यस आयोगको सुझाव संकलनका क्रममा यस अभियानले विभिन्न समुह अर्थात् समुदायहरुसँग छलफल गरि नागरिक समाजको प्रतिवेदनको रुपमा उक्त आयोगका अध्यक्ष माननीय शिक्षामन्त्री गिरीराजमणी पोखरेललाई हस्तान्तरण गरेको थियो । नागरिक समाजको प्रतिवेदनमा बुझाईएका सुझावहरु यस प्रतिवेदनमा समावेश हुनुलाई शिक्षा अधिकारका क्षेत्रमा क्रियाशील नागरिक आन्दोलनको छाता सञ्जाल एनसिई-नेपालले सकरात्मक रुपमा लिएको छ ।

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको शिक्षासम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरुले सहयोग पुग्ने यस अभियानको ठहर रहेको छ । नेपालमा सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार नेपालको संविधानले नै स्वीकार गरेको छ । तर शिक्षामा भईरहेको व्यापारीकरणले संविधानको मर्म र भावनालाई समेत चुनौति दिईरहेको अवस्थामा यस प्रतिवेदनले कम्पनीमा दर्ता भएका निजी विद्यालयहरुलाई गैर नाफामुलक सामाजिक सस्थामा रुपान्तरण गर्ने व्यस्वस्था सकरात्मक कदम रहेको हाम्रो ठहर रहेको छ । साथै संविधानको मर्म र भावना अनुरुप सबै बालबालिकाहरुको शिक्षा अधिकार सुनिश्चित गर्ने र शिक्षामा भईरहेको व्यापारीकरणलाई क्रमश हटाउँदै जाने नीतिलाई कडाईका साथ राज्यले लागु गर्नुपर्ने माग यस अभियानको रहेको छ ।

यसका अलवा सरकारका तीन वटै तहबाट आफ्नो कुल वजेटको न्यूनतम २० देखि २५ प्रतिशत र कुल ग्रार्हस्थ उत्पादनको कम्तीमा ६ प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गर्नुपर्ने नीतिगत व्यवस्था समेतलाई स्वागतयोग्य कदमको रुपमा यस अभियानले लिएको छ । तसर्थ शिक्षा विकासको लागि आवश्यक वित्तिय स्रोतको व्यवस्थापनमा अव बन्ने संघीय शिक्षा ऐनले तीनै तहको सरकारहरुलाई जिम्मेवार बनाउनु पर्ने कुरामा यस अभियान संवन्धित सवैको सरोकारवालाहरुको ध्यानाकर्षण गर्दछ । साथै यस प्रतिवेदनले उल्लेख गरेका कतिपय विषयहरु संघीय शिक्षा ऐनले समावेश गर्नु पर्ने भएकाले यस प्रतिवेदनको मर्म, विभिन्न समयमा नागरिक समाजले उपलब्ध गराएका सुझावहरु र सरोकारवालाहरुको छलफल पश्चात् संघीय शिक्षा ऐनलाई यथाशिघ्र टुगोंमा पुऱ्याउन हामी जोडदार माग गर्दछौं ।

धन्यावाद ।

Bhattarai

कुमार भट्राई
अध्यक्ष
२०७५ माघ १० गते